## महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय, प्रदेश नं.२, जनकपुरधामको

## सिलबन्दी दरभाउपत्र आह्बानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०७८/०९/२४

यस मन्त्रालयको लागि आ.ब. २०७८/०७९ मा यस मन्त्रालयको लागि आवश्यक फर्निचर तथा फिक्चर्स र मेशिनरी तथा औजार (इलेक्ट्रोनिक्स सामाग्री) सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य आपूर्तीकर्ताले १५ दिन भित्र यस मन्त्रालयमा सिलबन्दी दरभाउपत्र दर्ता गराउनु हुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का किसिम | विवरण | बैंक जमानत रकम | बैंक जमानत मान्य अवधि | कैफियत |
|---|---|---|---|---|---|
| MOWCYS/SQ/01/2078/79 | सिलबन्दी दरभाउपत्र | फर्निचर तथा फिक्चर्स | रु. ५०,०००।- | २०७८/१२/२५ | |
| MOWCYS/SQ/02/2078/79 | सिलबन्दी दरभाउपत्र | मेशिनरी तथा औजार (इलेक्ट्रोनिक्स सामाग्री) | रु. ५०,०००।- | २०७८/१२/२५ | |

१. सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म/संस्थाको आ.ब. २०७७/०७८ को कर चुक्ता वा आ.ब. २०७६/०७७ को चुक्ता र २०७८ पौष सम्म म्याद थप गरेको कागजात तथा हाल सम्मको दर्ता/इजाजत नविकरण भएको हुनु पर्नेछ।
यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७८/१०/०८) कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी १६ औं दिन (२०७८/१०/०९) दिनको १२ बजे सम्म सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ। सो समय नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन तथा रितपूर्वक पेश हुन आएको सिलबन्दी दरभाउपत्रहरु सो ही दिन (२०७८/१०/०९) दिनको २ बजे मन्त्रालयमा खोलिनेछ। उक्त समयमा सिलबन्दी दरभाउपत्र पेश गर्नेको प्रतिनिधि उपस्थित हुन सक्नेछ। प्रतिनिध उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने वा खोल्ने दिनमा सार्वजनिक विदा पर्न भएमा त्यसको लगतै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै सिलबन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने कार्य गरिनेछ।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्न चाहने इच्छुक आपूर्तीकर्ताले रु. १०००।- को राजश्व राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१००००, कार्यालय कोड नं. ३४०००१७०१२, राजश्व शीर्षक नं. १४२२९ मा अनिवार्य रुपमा राजश्व दाखिला गरी सक्कल भौचर सहित दरभाउपत्र खरिद गर्न आउनु पर्नेछ।

४. यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको सम्पर्क नं. ०४१-५९१०१६, Email:info.mowcys@p2.gov.np, Web site: www.mowcys.p2.gov.np

ठूलोबाबु दाहाल
उप-सचिव
प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा